# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं: २०८२/८३
च.नं.:

मिति :२०८३।०२।०८

सार्वजनिक स्थलमा लागू पदार्थ तथा मादक पदार्थ सेवन नगर्ने/नगराउने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस बर्दघाट नगरपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक स्थल, सडक, चोक, पार्क, शैक्षिक संस्था वरपर, सरकारी कार्यालय परिसर, धार्मिक स्थल तथा अन्य सार्वजनिक स्थलहरुमा लागू पदार्थ तथा मादक पदार्थ सेवन गर्दा सामाजिक मर्यादा, सार्वजनिक शान्ति सुरक्षा, स्वास्थ्य तथा वातावरणमा नकारात्मक असर परेको देखिएको छ साथै यस नगरपालिकाको क्षेत्रभित्र लागू पदार्थको दुरुपयोग भएको बालबालिकाहरुलाई चुरोट तथा मादक पदार्थ बिक्री वितरण गरेको सम्बन्धमा यस कार्यालयमा गुनासो समेत आएको हुँदा यस प्रति नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

तसर्थ, सम्पूर्ण नगरवासी, व्यवसायी, सवारी चालक, युवा क्लव, होटल तथा रेष्टुरेन्ट व्यवसायी लगायत सबै सरोकारवालाहरुलाई सार्वजनिक स्थलमा लागू पदार्थ तथा मादक पदार्थको सेवन नगर्न/नगराउन, बालबालिकाहरुलाई सुर्ति तथा मदिराजन्य पदार्थको बिक्री वितरण नगर्न/ नगराउन तथा त्यस्ता गतिविधिहरु नियन्त्रणमा सहयोग गर्न यो सूचना जारी गरिएको छ ।

अत: सभ्य, सुरक्षित र स्वस्थ समाज निर्माणका लागि सबैमा सहयोगको अपेक्षा गरिएको छ ।

...............
बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यालय फो नं.: +९७७ ०७८ ५८०२१०, ५८०४०७, दमकल: १०१, +९७७७८ ५२०८७४
इमेल:info@bardaghatmun.gov.np, bardaghatmunicipality@gmail.com,वेबसाईट: www.bardaghatmun.gov.np